# १ सत्यका वचनहरु

*<u>यस अध्यायका मूल पदहरू:</u>* हितोपदेश २२, हितोपदेश २३, प्रस्थान २२:२१-२७, हितोपदेश २४, एफिसी ५:२०, इजकिएल ३३:८।

*<u>स्मरण गर्नुपर्ने मूल पद:</u>* "मैले तिम्रो निम्ति ३०वटा महान वाणीहरू लेखेको छु। तिनीहरूले तिमीलाई ज्ञान र असल सल्लाह दिनेछन्। मैले जे तिमीलाई सिकाइरहेको छु सो पूरा सत्य हो। यदि ती वचनहरू तिमीले आत्मसात् गर्न सक्यौ भने तिमीलाई पठाउनेलाई ठीक जवाफ दिन सक्नेछौ।" हितोपदेश २२:२०,२१ रूपान्तरित।

यस अध्यायमा भएका केही अर्तीहरू इजिप्टका लेखहरूमा पनि पाइन्छ। (असल उपदेशहरू अरू धर्मशास्त्र वा नीतिहरूमा पाइन्छ भन्दैमा त्यो खराब भन्न मिल्दैन-अनुवादकको टिप्पणी)। ती उपदेशहरू पवित्र आत्माको अगुवाइमा सोलोमन राजाले हिब्रू सोचको संस्कार अनुसार लेखिएको हुनुपर्छ। यहाँ इजिप्टका बौद्धिक समूदायले लेखेका वचनहरू इस्राएलको परमेश्वरको आत्मासँग सहमत भएको पाइन्छ। त्यसकारण ती वचनहरू परमेश्वरको प्रेरणाले दिनुभएकोले ती वचनहरू परमेश्वरका हुन्।

त्यो आत्मज्ञान बुझ्नु धेरै जरुरी छ। किनभने त्यसले सत्यको विश्वव्यापी चरित्रलाई देखाउँदछ। इस्राएलीहरूको निम्ति जे सत्य छ त्यो सत्य इजिप्टबासीहरूको निम्ति पनि हुनुपर्छ। यदि सत्य सर्वव्यापी होइन भने त्यो सत्य हुनसक्दैन।

यहाँ लेखिएका उपदेश र चेतावनीहरू हिब्रू र इजिप्ट समूदायहरूको लोकाचारमा चलेका थिए। तपाईंले परमेश्वरलाई विश्वास गर्नुहोस् वा नगर्नुहोस्, कतिपय कुराहरू तपाईं जो भएपनि गर्नु हुँदैन।

## १ सत्य आत्मज्ञान (हितोपदेश २२:१७,१८)

सत्य ज्ञान वा सही बुद्धिले हामीहरूको जीवनलाई प्रभावित पार्नुपर्छ भनेर हितोपदेश २२:१७,१८ले कसरी बताउँछ? हेर्नुहोस्:

**"बुद्धिमान्‌का उखानहरूमा ध्यान दिएर सुन्, र मैले सिकाएका कुराहरूमा तिम्रो मन लगाऊ, १८ किनभने ती कुराहरू तिमीले हृदयमा राख्यौ भने, अनि ती सबै तिम्रो ओठमा तयार रहन्छन् भने त्यो मनोहर हुन्छ।"**

कुनै पनि विद्यार्थी वा सिक्न चाहने व्यक्तिको पहिलो कर्तव्य हो ध्यानपूर्वक सुन्नु। "कान खोल र सुन्" (हितोपदेश २२:१७ रूपान्तरित)। अर्को अर्थमा "जुन कुरा तिमीले सुनिरहेका छौ त्यसमा ध्यान दिएर सुन्!" भन्न खोजेको हो। सत्यको खोजी गर्ने मानिस गम्भिर हुनुपर्छ। हल्का रूपमा वा हावाको भरमा वा लहै लहैमा लागेर सत्य खोज्ने होइन। जे ठीक छ र त्यस ठिक वा सत्य अनुसार चल्न हृदयदेखि इमानसाथ सिक्न चाहना गर्नुपर्छ।

तर सिक्ने व्यक्तिले केवल सिकाएको कुरा सुनेर मात्र पुग्दैन न त बुझेर मात्र। (बाइबल अनुसार सुनेर वा बुझेरमात्र कोही सत्यवादी हुन्छ वा अमरत्व वा अनन्त जीवन पाउँछ भन्ने छैन। केवल श्रोता हुन यसले उक्साउँदैन)। कतिपय मानिसहरू बाइबललाई कण्ठ नै गरेका होलान् वा बाइबलका कतिपय सत्य कुराहरूलाई दिमागमा घुसाइ राखेका होलान्। (यदि बाइबल र चर्चका शिक्षादीक्षालाई कण्ठ गरेर मुक्ति पाउँछ भने स्वर्गमा सबभन्दा पहिलो जाने मोबाइल वा कम्प्युटर होलाअनुबादकको जिज्ञासा)। तर तिनीहरू सत्यको सही रूपमा अनुभव गरेको हुँदैन न त सतज्ञान (येशू, यूहन्ना १४:६)लाई हृदयदेखि चिनेको हुन्छ।

बरू मानिसको गहिरो अन्तरविवेक भित्र सत्य पस्न सक्नुपर्छ। अझ हिब्रू भाषामा "तिमीभित्र" भनेको अर्थ "तिम्रो पेटमा" भनेको बुझाउँछ। मुखमा वा सतहमा मात्र सत्य राख्नु हुन्न भनेर त्यसले देखाउँछ। सत्यलाई राम्रोसँग चपाएर हामीहरूको शरीर वा जीवनको अविच्छन्न वा नटुटाउने भाग बनाउनु पर्छ। हामीले सुनेका वचन हामीहरूको जीवनको प्रणालीभित्र जरो गाडेर राख्नुपर्छ। अनि हामीहरूको भित्रबाट निस्केका सत्यका वचनहरू हामीहरूको ओठबाट निस्कन्छन् र त्यसले सुन्नेहरूको हृदयमा पनि प्रभावकारी भएर साछी बन्न जान्छ।

यदि हामीमा सत्य ज्ञान छ र त्यसको अनुभव हामीले गरिरहेकाछौं भने त्यसले हामीलाई के गर्छ, हेर्नुहोस्: हितोपदेश २२:१९-२१ "तिम्रो भरोसा परमप्रभुमा होस् भनेर यो कुरा आज म तिमीलाई सिकाउँछु, अँ, तिमीलाई नै सिकाउँछु। २० के मैले तिम्रो लागि तीस वटा नीति-वचन लेखिदिएको होइनँ र–

सल्लाह र ज्ञानका वचनहरू? २१ आफूलाई पठाउनेकहाँ तिमीले उचित जवाफहरू दिन सकुन भनेर मैले तिमीलाई सत्य विश्वसनीय वचनहरू सिकाएको होइनँ र?"

उपरोक्त अभिव्यक्तिमा हामीहरूको जीवनमा चाहिने तिनवटा तत्वहरूको उजागर गरिएको छ:

१. परमेश्वरमा आस्था वा भरोसा। बुद्धि वा ज्ञान सिक्नुको पहिलो लक्ष्य केवल बुद्धि वा ज्ञान पाउनु मात्र होइन। मानिसहरू चलाक होउन्, दक्ष चेला होउन् वा ज्ञानी होउन् भन्ने लक्ष्य हितोपदेशको पुस्तकले उक्साएको देखिन्दैन। तर हितोपदेशको शिक्षकको मूल लक्ष्य भनेको परमेश्वरप्रति आस्था र भरोसामा बलियो भएर सिकारु वा चेला बसुन् भन्ने हो।

२. दृढ विश्वास वा आफूले सुनेको कुरालाई स्पष्टरूपमा। आत्मसात् गर्ने। सुन्ने वा सिक्ने व्यक्तिले जुन कुरा सुनेको छ त्यो किन सत्य हो भनेर निश्चित भएर थाहा पाउनुपर्छ। कतिपय कुराहरूलाई हामीले नबुझेतापनि त्यसमा विश्वास गर्नु नै परमेश्वरमा भरोसा राख्नु हो। तैपनि हामीले सत्यलाई किन थाहा पाउनुपर्छ त्यसको कारण हामीमा हुनुपर्छ। बाइबलले समझदार आस्था वा विश्वासको समर्थन गर्छ।

३. उत्तरदायित्व वा जिम्मेवारीपना। हामीले पाउने शिक्षादीक्षाको अन्तिम लक्ष्य भनेको हामीले थाहा पाएका सत्य वचनहरू अरूलाई बाँड्ने जिम्मेवार बोक्नु हो। सेभेन्थडे एडभेन्टिस्टसँग धेरै प्रगतिशील शिक्षादीक्षाहरू छन्। तिनीहरूलाई आफूभित्र लुकाएर राख्ने कुनै पनि एडभेन्टिस्टको धर्म होइन। यदि हामी एडेन्टिस्ट हौं भनेर दावी गर्छौं भने हामीले पाएका सत्यलाई

फैलाउने जिम्मेवारी हामीले बोक्नै पर्छ। त्यो हामीहरूको जीवनको अत्यन्त मूख्य भाग हो।

**सेभेन्थडे एडभेन्टिस्ट आस्थामा हामी किन छौं भनेर हामीमा भएका विभिन्न प्रभावकारी र प्रगतिशील शिक्षादीक्षालाई केलाएर हेर्नुहोस्। तिनीहरूलाई विश्वास गर्नुपर्ने के के कारणहरू छन्? ती सतज्ञानहरू अरूलाई बाँड्न हामीले किन कहिल्यै पनि बिर्सनु हुन्न?**

## २. गरिबहरूको शोषण वा तिनीहरूको डकैती गर्नु (हितोपदेश २२:२२,२३)

**परमेश्वरले हामीलाई के कुरामा सतर्क गराउनुभएको छ सो पढ्नुहोस्ः हितोपदेश २२:२२, २३ "तिनीहरू असहाय छन् भन्दैमा गरीबमाथि शोषण नगर, र दीन-हीनलाई अदालतमा पेल्ने काम नगर, २३ किनभने परमप्रभुले तिनीहरूको मुद्दा आफ्नो हातमा लिनुहुनेछ, र तिनीहरूलाई लुट्नेहरूलाई उहाँले लुट्नुहुनेछ।" र हितोपदेश २३:१०,११ "प्राचीन साँध-सिमानाको ढुङ्गो नहटाऊ, अथवा टुहुरा-टुहुरीको खेतबारी नमिच, ११ किनभने तिनीहरूका रक्षक शक्तिशाली हुनुहुन्छ। उहाँले तिम्रो विरुद्ध तिनीहरूको मामिला उठाउनुहुनेछ।"**

आफूसँग नभएको तर अरूसँग भएको तर उसलाई नसोधी लिनु वा चोर्नु जहिले पनि गलत काम हो। कमजोरी, असहाय र गरिबलाई शोषण गर्नु र उसलाई लुट्नु बाइबलमा जहिले पनि आपत्तिको रूपमा प्रस्तुत गरेको पाइन्छ। माथिका पदहरूले हामीहरू गरिबप्रति कस्तो संवेदनशील हुनुपर्छ भनेर चेतावनीस्वरुप प्रस्तुत गरिएको छ। गरिबहरू निःसहाय र नीरिह र कमजोरी हुन्छन्। (परमेश्वरलाई विश्वास गर्‍यो भन्दैमा सबै जना सम्पन्न हुन्छ भन्ने छैन। फेरि गरिबले धर्म, जात, देशबिदेश, रंग, वर्ष, लिङ्ग आदि भन्दैनन्)। जोसुकै गरिब होस्, तिनीहरूप्रति परमेश्वरको विशेष चासो राख्नुहुन्छ (प्रस्थान २२:२१-२७)। लुट्नु भन्दा केवल धनसम्पत्ति मात्र होइन वा शोषण गर्नुमात्र होइन तर अरूको मालमा आँखा लगाउनु पनि हो। यस मामिलामा हामीलाई राजा दाउदको कथा याद आउँछ। उनले एकजना युरियाह नाउँ गरेको बिदेशी नै भएतापनि कर्मठ सिपाहीँलाई मार्न लगाएर उसको

पत्नीलाई हातमा पारेका थिए। आफूले मनपर्ने दाउदले त्यस्तो घृणित काम गरेकोले परमेश्वर अत्यन्त नाराज र दुःखित हुनुभएको थियो। अरूको सम्पत्ति लुट्नु भनेको के हो भनेर परमेश्वरले अगमवक्ता नेथानलाई राजा दाउदकहाँ गएर एक अर्ती कथाबाट उनको कुकृत्यको फन्दाफोर गरे। उनले अर्तीकथा यसरी बताएका थिए: एक जना गरिबको घरमा सबै भन्दा प्यारो पाठा थिए। त्यो पाठा बालबालिक र परिवारले संगसंगै राख्थ्यो। एक दिन उक्त परिवारको धनी छिमेकीकहाँ एक जना पाहुना आयो। त्यस पाहुनालाई खुशी पार्न आफूसँग भएको बस्तुलाई नमारी त्यस गरिबको पाठो चोरेर पाहुनाको सत्कार गऱ्यो। (२ समूएल १२:२१-२७)। उपरोक्त कथा सुनेर दाउद रिसले चुर भयो र भने "मेरो राज्यमा त्यस्तो अन्यायी धनी मानिस को हो, त्यसलाई ठीक पार्छु।" आफ्नो न्याय आफैले गरेकोमा नेथनले दाउदको भन्डाफोर गर्दै भने, "त्यो तपाँई नै हो।" गरिबको लुट्नु केवल अपराध मात्र होइन, यो त परमेश्वरको बिरुद्धमा सरासर पाप गर्नु हो (२ समूएल १२:१३)। आफूभन्दा गरिबसँग भएको माल चोर्नु वा लिनु परमेश्वरको सामु साधारण चोर्नु भन्दा पनि गम्भिर मामिला हो। फेरि गरिबलाई शोषण गर्नु वा उसको चोर्नु कायरपना हो। के ती शोषक, भ्रष्ट र चोरहरूले परमेश्वरलाई केही थाहा छैन वा उहाँले देख्नुहुन्न भनेर सोच्यो भन्दैमा उहाँले देख्नुहुन्न र?

भ्रष्टाचारी वा चोरी गरेर धनी हुने वा सम्मान पायो र यस संसारमा उसले सजायँ पाएन भन्दैमा परमेश्वरबाट ऊ छुट हुँदैन भनेर हितोपदेश २२:२३ले आभास् दिन्छ। उसको अपराधको सही न्याय परमेश्वरले नै गर्नुहुनेछ। येशूलाई उद्धारकर्ता वा हिब्रू भाषामा गोल (Goel) भन्नुको अर्थ संसारको अन्तमा हुने न्यायलाई पनि जनाउँछ। अहिले अपराधीहरू निर्धक्कसँग हामीहरूको वरिपरी रहला तर तिनीहरूलाई ढिलो वा चाँडो न्याय गर्नुहुने परमेश्वर नै हुनेछ (अय्यु १९:२५)।

त्यसकारण अरूको मोलमा तुरन्त धनी हुने वा फाइदा उठाउनेको विरुद्धमा बाइबलमा दिएका उपरोक्त चेतावनी र अरूहरूले

मानिसको बदनियताको खुलासा गर्दछ र त्यसले गर्दा तिनीहरूले भोग्नुपर्ने भावी नतिजाको बारेमा तिनीहरू संवेदनशील नभएको देखाउँछ। आफूले जायजसँग पाउनुपर्ने जमिन वा सम्पत्तिलाई अरूलाई अन्याय गरेर लिन्छन् र फराकिलो पार्छन्। त्यसको लागि तिनीहरू छलकपट, बेइमान र अनेकन् चालबाजी गर्छन्। त्यतिमात्र नभएर आफ्नो कपटलाई बढावा दिन त्यस्तो मानिसले माफिया लगाएर वा आफैले पनि अरूलाई मार्न सक्छन्। तर तिनीहरू अरूको मोलमा अहिले रमाइलो त गर्लान् तर तिनीहरूले त्यसको सोधभर्ना पछि तिर्नुपर्ने हुन्छ। त्यसकारण चोर्नेले चोर्ने दुस्साहस रोक्नुपर्छ र परमेश्वरको दश आज्ञाको विधानमा रहेर उहाँको धार्मिक प्रभुत्वप्रति अटल निष्ठावान भएर बस्नुपर्छ।

नास्तिक देशमा अग्र स्थानमा रहेको बिलायतमा धेरै नास्तिकहरू छन् जसले बाइबल र येशूप्रति खिल्ली उडाउँछन्। कुनै कुनै सार्बजनिक यातायातमा तिनीहरूले यस्तो विज्ञापन टाँसेका छन्: "परमेश्वरको अस्तित्व नहुन सक्छ। त्यसकारण चिन्ता गर्नुबाट रोक र तपाईंले आफ्नो जीवन रमाइलोसँग बिताउनुहोस्।" त्यस बाक्यप्रति गहिरिएर सोच्नुहोस्: यदि परमेश्वर नै छैन भने गरिबबाट चोर्नु, भ्रष्टाचार गर्नु र त्यस्तो कायरतापूर्णकामबाट सजायँ नपाइरहनु कुनै ठूलो कुरो होइन। आफ्नो फलको न्याय गर्ने परमेश्वर नै नभएपछि जसले जे गरेपनि के भयो र? के को चिन्ता? मानव इतिहासमा भयङ्कर अपराध गर्नेहरू,अन्याय गर्नेहरू, चाहे धर्मको नाउँमा होस् वा राजनैतिकको नाउँमा होस् अरूलाई हत्या गर्नेहरू, ठूलो पाप वा दुष्टयाइँ गर्नेहरू जनताबाट होस् वा राज्यबाट होस् अनेकन् पुरस्कारहरू पाइरहेका छन्। तर परमेश्वरको निष्ठामा रहनेहरूले उहाँमाथि विश्वास राख्दै एक दिन उहाँले सही न्याय गर्नुहुनेछ भनेर कसरी संतुष्ट भएर बस्ने? संसारमा भएका अन्याय, अत्याचार र शोषणलाई एक दिन परमेश्वरले थान्को लगाउनुहुनेछ भन्ने आत्मज्ञानले के हामीलाई शान्ति दिनुपर्दैन र?

### ३ दुष्टहरू फलिफाप भयो भनेर डाह, ईख नगर्नु (हितोपदेश २३:१७)

परमेश्वरका भक्तजनहरूलाई अर्को कुरामा हितोपदेशले सतर्क गराएको छ, त्यो के हो? हेर्नुहो: "तिम्रो हृदयलाई पापीहरूको डाह गर्न

**नदेऊ, तर परमप्रभुका भयको निम्ति उत्सुक भइरहो।" -हितोपदेश २३:१७, "१ दुष्ट मानिसहरूको डाह नगर, तिनीहरूसँग सङ्गत गर्न इच्छा नगर, २ किनभने तिनीहरूको हृदयले उपद्रव रच्दछ, र तिनीहरूका ओठले झमेला ल्याउने कुरा गर्दछ।"-हितोपदेश २४:१,२, "१९ दुष्ट मानिसहरूको कारण पीर नमान्, वा दुष्टप्रति डाही नबन्, २० किनभने दुष्ट मानिसका भविष्यको आशा हुँदैन, र दुष्टको बत्ती निभाइनेछ।"**

"हिजो केही नभएको आज अनेकन् राजनिति, चलाकी र अनेकन् भ्रष्ट र दुष्टयाईं काम गरेर ऊ कस्तो धनी भयो, हेर त?" भनेर कोही किन उसको डाह र ईख गर्छ? हुनसक्छ उसको खास प्रत्यक्ष्य पाप उसले नगरिरहेको होला तर जुन हिसाबले उसले छिटो धनसम्पत्ति, सफलता वा ओहोदा हातमा पाऱ्यो त्यसले दुष्टयाईं गरेर नै त्यस स्थानमा पुगेको हो भनेर मानिसहरूले चुपचाप थाहा पाइरहेको हुन्छ। "हेर, फलाना जस्तो चलाक भए पो हुन्थ्यो! मैले यतिका वर्षसम्म जागिर खाएँ, केही जोर्न सकिंन, चर्चमा कति वर्ष सेवा गरें, खोइ मैले के पाएँ त?" भन्ने जस्ता भावना व्यक्त गरेर आफूहरू पनि त्यस दुष्ट मानिसले चलाकी काम गरेर धन कमाएको जस्तै आफू पनि त्यस्तै हुन पाए पो हुन्थ्यो भनेर चाहना कतिले व्यक्त गर्दछन्।

तर यो पनि ख्याल गर्नु शोभनिय छ, सबै सफल व्यक्ति र धनी तथा सम्पन्न व्यक्ति दुष्ट हुन्छ भन्ने छैन न त दुष्टयाईंले उच्च ओहोदामा पुगेको छ भन्नुहुन्छ। तर माथिका पदहरूले कोही कोही मानिसहरू दुष्ट हुन्छन् र नाजायज फाइदा उठाएर धनी हुन्छन् भन्न खोजेकोचाहीं हो र तिनीहरूबाट सतर्क हुनुपर्छ भनेर पनि हामीलाई सल्लाह दिएको हो। तिनीहरूको रमझम र रमाइलो जीवन हामी हेर्छौं। हातमुख जोड्न पनि संघर्ष गरिरहेको परिप्रेक्ष्यमा हामी पनि त्यो जस्तो हुन पाएको भए पो हुने थियो भन्ने मानविय भावना हाम्रो हृदयमा जाग्नु अस्वभावी त नभन्न सकिन्छ।

तर बाइबलको परिप्रेक्ष्यमा त्यो अत्यन्त साँघुरो र अदुर्दर्शी दृष्टिकोण हो। पाप गर्न हतार गर्दा फाइदा त होला तर त्यसको नतिजा धेरै समयसम्म राम्रो हुन्छ भन्ने छैन। बर्तमान संतुष्टि र

रमझमको उपभोग अहिले त गरौंला। तर यदि यस संसारमा हामी केवल पाहुना जस्तै हौं र हामीलाई अनन्त जीवन पर्खिरहेको छ भन्ने ज्ञानलाई आत्मसात् गर्न सक्यौं भने अरूले के गर्छ त्यसप्रति हामीहरूको सरोकार हुँदैन र अरू जस्तो नहुन हामीलाई सुरक्षित पनि हुनेछौं। पापको कारण झट्ट फाइदा उठाउनुबाट माथि उचलेर त्यसले अनन्त जीवनमा कस्तो असर गर्छ भनेर हामीले सोच्नु आवश्यक छ।

फेरि, पाप कतिको विध्वंसकारी हुन्छ भन्ने कुरा कसलाई थाहा छैन होला र? पापको परिणाम तुरन्त नहोला तर कुनै न कुनै प्रकारले त्यसबाट हामी उम्कन सक्दैनौं। मानिसबाट हामीले पापलाई लुकाउन सक्छौं होला। हामीहरूको गोप्य कर्तुस कसैलाई थाहा छैन भनेर ढुक्क त हौंला। तर ढिलो होस् वा चाँडो होस् त्यसको नतिजा हामीले भोग्नै पर्छ। (कतिपय समयमा हामीहरूको पाप त्यति खराब छैन भनेर हामीले हामीलाई नै धोका दिन सक्छौ। हामी भन्दा नराम्रा काम गर्नेहरू हेर्नुहोस भनेर हामीहरूको पापबाट चित्त बुझाएर बस्न सक्छौं होला)। तर पापले हामीहरूको पिछा गरेर ढाल्नबाट उम्किनचाहीं सक्दैनौं।

पापलाई हामीले घिन मान्नु पर्छ किनकि त्यो पाप हो। पापले हामीलाई के गर्‍यो, हाम्रो संसारलाई के गर्‍यो र हाम्रो प्रभुलाई के गर्‍यो त्यसले गर्दा हामी पापलाई सबैतर्फबाट तिरस्कार गर्नुपर्छ। यदि पापको यथार्थता हामीले थाहा पाउनु छ र त्यसको मोल जान्नु छ भने त्यसले येशूलाई के गर्‍यो सो क्रुसमा हेर्नुहोस्। पाप गर्नेले ठूलो मोल चुकाउनु पर्छ। त्यस ज्ञानले मात्र हामी पापबाट अलग हुन चाहना गर्न उक्साउनु पर्छ। पाप र पाप गर्न उक्साउनेबाट सकेसम्म हामी पन्छिएर बस्नु जरुरी छ।

**कोही मानिस माथि आयो वा धनी भयो वा सफल भयो भन्दैमा तपाईंलाई कहिल्यै डाहा भएको छ? त्यस बिषाधी समस्याको अचुक औषधी के हो हेर्नहोस् एफिसी ५:१९,२० "एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति**

गाउँदै र धुन निकाल्दै २० सधैं सबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढ़ाओ।"

## ४. हामीले हामीहरूको मुखमा के राख्छौं (हितोपदेश २३:२९-३५)

मानिसलाई अत्यन्त प्रलोभित पार्ने वा फसाउने प्रथम तत्व नै खाना हो (उत्पत्ति २३:२९-३६)। परमप्रभुको निषेधाज्ञालाई नमानेर गलत फल खाएकोले नै यस संसारमा पाप र मृत्युको जमघत भएको थियो (उत्पत्ति ३:१-७, रोमी ५:१२)। मद्यपानलाई पहिलो पल्ट बाइबलमा उल्लेख गरेर त्यसले कस्तो नकारात्मक नतिजा ल्यायो भनेर औंल्याएको कुरालाई हामीले आँखा चिम्लनुहुन्न (उत्पत्ति ९:२१-"जब तिनले (नोआ) दाखमद्य पिए, तब तिनी मात्तिए र आफ्नो पालभित्र नाङ्गै सुतिबसे।")।

**जाँड, रक्सी वा मद्यपानको कुलतलाई हितोपदेश २३:२९-३५मा कसरी भन्डाफोर गरिएको छ, हेर्नुहोस्: "२९ कष्ट कसलाई हुन्छ? शोक कसलाई हुन्छ? कलह कसलाई हुन्छ? गुनासो कसलाई हुन्छ? कसलाई अनावश्यक चोटपटक लाग्छ? कसका आँखाहरू रगतजस्ता राता हुन्छन्? ३० तिनीहरूकै जो मद्यमै भुलिरहन्छन्, जुनहरू मिश्रित मद्यको प्याला चाख्न जान्छन्। ३१ रातो दाखमद्यमा एकटक लगाएर नहेर्, जब त्यो कचौरामा राख्दा फींज उठ्छ, जब त्यो सहजै उँधो जान्छ! ३२ अन्त्यमा त्यसले सर्पझैं डस्छ, र गोमनले झैं विष हालिदिन्छ। ३३ तिम्रो आँखाले अनौठा दृश्यहरू देख्नेछन्, र तिम्रो मनले अलमल्याउने कुराहरू विचार गर्नेछ। ३४ महासमुद्रमा सुतिरहेझैं तिमीलाई हुनेछ, मस्तूलका डोरीको मास्तिर झुण्डिरहेझैं तिमीले अनुभव गर्नेछौ। ३५ तिमीले भन्नेछौ "तिनीहरूले मलाई हिर्काउँछन्, तर मलाई चोट लाग्दैन! तिनीहरू मलाई पिट्छन्, तर मलाई थाहै हुँदैन! म कहिले ब्यूझुँला, र म अझ पिउन सक्नेछु?"**

(सरकारबाट अनुमती पाएर खुलारूपमा उत्पादन गरिने लोकप्रिय वा संस्कारप्रिय आतङ्ककारी हथियार) जाँड रक्सीको विध्वंसात्मक स्वभाव कसले देखेको छैन र? हो, मद्यपान गर्ने वा अनेकन् बहाना (जस्तै डाक्टरले त खान्छ मैले किन नखाने?

हामीहरूको संस्कारमा रक्सी नभइ हुँदैन। स्वास्थको लागि अलि अलि खानु ठीक हो। साथीभाइसंग मिल्न र रमाइलो गर्न अलि अलि भएपनि खानुपर्छ, आखिरमा धेरै वर्ष बाँचेर के फाइदा छ र? आदि) गरेर पिउने सबै जना फोहरी नालीमा लटपटिन्छ भन्ने छैन। तर रक्सीले मात्तिएर फोहर नालीमा घस्रन गएका जँड्याहाले पहिलो पल्ट रक्सी प

पिउँदा आफू त्यस्तो फोहरी सुँघुर जस्तो हिलो वा नालीमा पौडि खेल्ने गतीमा पुग्नेरहेछु भनेर नसोचेको हुनसक्छ।

"जाँड रक्सी खाने आदत भएको मानिस आफ्नै आत्मनिर्णयले गर्दा अत्यन्त बिकराल परिस्थितिमा पर्दछ। मद्यपानले ल्याउने दुर्गतीमा नपर्न अरूले दिएको सल्लाहलाई सुन्न जँड्याहाको क्षमता नै हुँदैन। त्यस्तो मानिसको पेट र मगज रोगको शिकार भएको हुन्छ। उसको विवेक सिथिल भएर आत्मनिर्णय गर्ने शक्ति कमजोर हुन्छ। अनि जाँडरक्सी खाएकै सुरमा के खानुहुन्छ के खानुहुन्न भन्ने ज्ञानलाई एकातिर पन्छाएर भोकको सुरमा अनियन्त्रित रूपमा जे पनि खान पुग्छन्। त्यस्तो मानिस शैतानले नीरिह पारेर आफ्नो दास बनाउँछ। जँड्याहा वा रक्सीले मात्तिन चाहने मानिसले त्यो खराब छ भनेर महसूस गरेतापनि त्यो आदतबाट जोग्न आफूसँग आत्मबल हुँदैन।"- एलेन जी ह्वाइट, द एसडीए बाइबल कमेन्टरी, ठेली ३, पृ. ११६२बाट रूपान्तरित।

**जिब्रोले माग्यो भन्दैमा वा आँखाको लोभमा पऱ्यो भन्दैमा वा पेटले माग गऱ्यो भन्दैमा जे पायो त्यो किन खानुहुन्न? हामीहरूको स्वाद वा खन्चुवा बानीलाई किन नियन्त्रण गर्नुपर्छ हेर्नुहोस् हितोपदेश २३:१-८ "जब तिमी शासकसँग भोजन गर्न बस्छौ, तिम्रो सामुन्ने जे राखिएको छ त्यो राम्ररी याद गर, २ यदि तिम्रो खन्चुवा बानी छ भने, तिम्रो घाँटीमा चक्कू राख्। ३ तिनको मीठो भोजनको लोभ नगर, किनभने त्यो भोजन छकाउने हुन्छ। ४ धनी बन्न आफूलाई बेसरी नघोट्, बुद्धिमानी बनी संयम गर्। ५ धनको एक झलक पाइन्छ, र त्यो गइहाल्छ, किनभने त्यसका पखेटाहरू पलाउँछन्, र आकाशतिर गरुडझैं त्यो उड़ेर जानेछ।**

६ कन्जुस मानिसको भोजन नखाऊ, त्यसको मीठो भोजनको लोभ नगर, ७ किनभने त्यो त्यस्तो किसिमको मानिस हो,

जसले त्यसको दाम उठाउने बारे सधैं सोचिरहेको हुन्छ। त्यसले तिमीलाई "खानुहोस्, पिउनुहोस्" भन्छ, तर त्यसको मन तिमीसित हुँदैन। ८ तिमीले त्यो थोरै खाएको पनि उसले उकेलिदिनेछ, र त्यसलाई तिमीले गरेको अभिवादन त्यसै खेर जानेछ।"

हामीहरूले कसरी खानुपर्छ भनेर मात्र उपरोक्त पदहरूले हामीहरूलाई सतर्क वा चेतावनी दिएको छैन। खानपिनमा एकदम मनपराउने र अत्यन्त भोक लाग्ने भएकोले जीवनमा भोकलाई नै केन्द्रविन्दु बनाउने मानिसलाई उपरोक्त पदहरूले सतर्क गराउँछन् (हितोपदेश २३:२)। घाँटीमा चक्कु हाल भन्ने शब्दचीत्र अत्यन्त कडा छ। त्यसको अर्थ आफ्नो खन्चुवा वानीलाई वसमा राख भनेको हो। चाहिनेभन्दा बेसी खाने वा सोच्दै नसोची जे पायो त्यही खाने बानीले मानिसको स्वास्थ र जीवनलाई कस्तो नराम्रो असर पार्नसक्छ भनेर पनि त्यस पदले हामीलाई आभास् दिएको पाउँछौं। उपरोक्त पदमा "राम्ररी सोच" भन्ने हिब्रू शब्दको अर्थ विभिन्न खालका खानाहरू खानेबेलमा होशियार अपनाउनु भन्ने तर्क दिन्छ। जब परमेश्वरले राजा सोलोमनलाई के चाहिन्छ भनेर बरदान माग भन्दा उनले उहाँलाई यो अनुरोध गरेका थिए "मलाई ठीक र बेठीक वा असल र खराब छुट्याउन (बिन-सी bin-see न्याय गर्ने) निर्णय गर्न सक्ने क्षमता दिनुहोस्" भनेर बरदान मागेका थिए (१ राजा ३:९ रूपान्तरित)। त्यसको अर्थ परमेश्वरसँग खानमा नियन्त्रण गर्नमात्र बरदान मागेका थिएन। हितोपदेशमा उल्लेखित उनको सरसल्लाह केवल भोजभतेर वा समाजमा सबैसँग मिल्न पिउनुपर्छ भन्ने धारणालाई नियन्त्रण गर्नुपर्छ भनेको देखिन्दैन। तर थरी थरीका खाना खाएर रमाइलो गर्न चाहने हामीहरूको स्वभाव वा दवावलाई पनि नियन्त्रण गर्नुपर्छ भन्न खोजेको पाइन्छ (हितोपदेश २३:३ रूपान्तरित)।

जाँड रक्सी आदिले गर्दा आफ्नो जीवन ध्वस्त भएको तपाईंले कोही चिन्नुभएको छ? हामीहरूको शरीरमा त्यो विषाधी कहिल्यै पनि पार्नुहुन्न भनेर तपाईंले प्रत्यक्ष देख्नुभएको अनुभवले कसरी देखाउन सहयोग गर्छ?

## ५. हामीहरूका जिम्मेवारीहरू (इजकिएल ३३:८)

"कुनै पापी वा पापमा रहन रुचाउनेलाई तिमीले भन्यौ "तिमी त त्यत्तिकै मर्नेछौं।" तर त्यसको जीवनलाई परिवर्तन गर्न तिमीले प्रयास गरेनौ र उसको पापको कारणले ऊ मर्छ भने उसको मृत्युको जवाफदेहिता तिमीबाट म लिनेछु।" (इजकिएल ३३:८ रूपान्तरित)। उपरोक्त पदमा के आधारभूत नीति उल्लेख गरिएको छ? हामीहरूको दैनिक जीवनमा त्यस पदलाई कसरी आत्मसात् गरेर राख्ने?

धेरै वर्ष अघि एउटा शहरको सडकमा एक रात एक जना महिलालाई कसैले आक्रमण गरेको थियो। सहायताको निम्ति उनी चिच्याइ। धेरै मानिसले त्यो क्रन्धन सुने तर कसैले वास्ता गरेन र कसैले पुलिसलाई बोलाउन पनि मतलब गरेन। प्रायजसो सबै मानिसहरू आआफ्नो झ्याल र ढोकाहरूमा चुकुल लगाएर आआफ्नै काममा व्यस्त भएका थिए। अनि केही बेरमै त्यस महिलाको क्रन्धन चुपचाप भयो। तिनी मरेकी थिइन्। उनीमाथि चक्कुले धेरै प्रहार गरेका थिए।

उपरोक्त महिलाको चिच्याहतलाई वास्ता नगरि केही नगर्नेहरू उनको मृत्युको जिम्मेवारी थियो त? तिनीहरूले उनलाई हमला त गरेका थिएनन् तर तिनीहरूले केही नगरी चुपचाप बसेकोले उनको मृत्युको जिम्मेवार थिएन त?

हितोपदेश २४:११,१२, २३-२९मा हाम्रो निम्ति के समसामयीक र महत्त्वपूर्ण सन्देश छ? पढ्नुहोस्: "११ मार्नलाई लगिएकाहरूलाई बचा, मारकाटतिर ढुनमुनिरहेकाहरूलाई रोक्। १२ यदि तिमीले भन्छौ , "हामीलाई त यसबारे केही थाहै भएन," के हृदय जाँच गर्नुहुनेले यो कुराको ख्याल राख्नुहुन्न र? तिम्रो जीवन रक्षा गर्नुहुनेलाई यो कुरा थाहा हुँदैन र? के उहाँले हरेक व्यक्तिलाई त्यसको काम अनुसार बदला लिनुहुन्न र?... २३ यी पनि बुद्धिमान्का उखानहरू हुन्:

न्याय गर्दा पक्षपात गर्नु राम्रो होइन। २४ दोषीलाई जसले "तिमी निर्दोष छौ," भन्छ, मानिसहरूले त्यसलाई सराप्नेछन् र जातिहरूले त्यसको निन्दा गर्नेछन्। २५ तर तिनीहरूको भलो हुनेछ, जसले दोषीको अपराध साबित गर्छ। त्यस व्यक्तिमाथि प्रशस्त आशिष् बर्षनेछ। २६ ईमानदार जवाफचाहिँ ओठमाथिको चुम्बन वा म्वाइ खाएकोजस्तै हो।"

आफू प्रत्यक्ष्यदर्शी भएर अरूलाई खबर नगर्ने मानिसले अरूको अपराधमा आफू पनि सामिल भएको प्रमाणित गर्छ भनेर मोशाको नीति छ (लैब्य ५:१)। अपराधको प्रतिरोधमा हामीले केही गर्न न नसक्ला। तर हामीले देखेका कुराको बारेमा चुपचाप बस्नुहुन्न। यदि हामी चुपचाप बस्यौं भने हामी पनि अपराधीमा गनिनेछौं। चुपचाप बस्यौं भने हामी अपराधमा सहभागी भएको देखाउँछ।

तर यदि हामीले देखको कुराको तुरन्तै खबर दियौं र उचित तथा तुरन्तै जवाफ दियौं भने हामी एक जिम्मेवार व्यक्ति भएको ठहर्छ (हितोपदेश २४:२६)। त्यस्तो खालको जवाफ दिनु वा तुरन्त कामलाई म्वाइ खानु जस्तै हो भनेर हितोपदेशले तुलना गर्दछ। सत्य कुरा गर्ने मानिसले अरूको चासो राखेको प्रमाणित गर्दछ।

तपाईंकै बाटोमा महिलालाई सास्ती गरेर हत्या गर्दा चुपचाप बसी नीरिह भएर केही गर्न नसक्नु खेदपूर्ण मामिला त हो नै। तर यस संसारमा अरू दुष्ट क्रियाकलापहरू जस्तै भोक, युद्ध, अन्यायअत्याचार, रङ्गभेद, ठगी, शोषण र नाजायज तरिकाले धन थुपार्ने संस्कारलाई तपाईंले के भन्ने? त्यस्तो खालको शैतानिक मामिलामा तपाईंको जवाफदेहिता के छ?

## उपसंहार:

"हामीहरूका वरिपरि रहेका आत्माहरूप्रति हामीले चासो देखाउनुपर्छ र सुसमाचार प्रचार गर्नुपर्छ ताकि तिनीहरूले पनि अनन्त जीवन पाउन् नत्र तिनीहरू सदाको निम्ति नास हुनेछन्। हामीले एक मिनेट पनि खेर फाल्नुहुन्न। हामीहरू सबैको जीवनशैलीले हामीहरू सत्यको निम्ति जिइरहेकाछौं कि छैन भनेर देखाउँछ र अरूलाई प्रभावित पार्दछ। म येशूको उपासक हुँ भनेर मैले बलियो प्रमाण बोकेर हिँड्ने मेरो चाहना

छ। सब्बथको धर्मभन्दा पनि हामीबाट अझ बेसी नीतिहरूलाई अङ्गालेर हिँड्नुपर्छ। ती नीतिहरू केवल बोल्नेमात्र नभएर हामीहरूको जीवनशैलीमा नै ढाल्नु आवश्यक छ। हामीहरूको दैनिक जीवनमा व्यक्तिगत रूपमा नै ती नीतिहरू अपनाएर चलिरहेका छौं भनेर आभास् पाइरहनुपर्छ। यस्तो प्रतिवद्धतालाई धेरैले वेवास्ता गरेका छन्। त्यसको फलस्वरुप इसाई हुँ भन्ने धेरै विश्वासीहरू विश्वासमा हेलचक्राइँ गर्दछन्, अरूको आवश्यकताप्रति कठोर मनस्थिति बोकेर तिनीहरूलाई वेवास्ता गर्छन्, परमेश्वरप्रति चनाखो हुँदैनन् र तिनीहरूको आत्मिक जीवन धलमलिएका हुन्छन्।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली १, पृ. ९९बाट रूपान्तरित।

"परमेश्वरमाथि आस्थाको बारेमा चर्चा गर, विश्वासको साछी बोकेर जीवन जिऊ, परमेश्वरमाथिको प्रेमलाई बढ्नु देऊ। संसारको अगाडि येशू सर्बेसर्बा हुनुहुन्छ र तपाईंको निम्ति उहाँ नै सबै थोक हुनुहुन्छ भनेर प्रमाण दिने तत्वहरू तिनै हुन्। येशूको सदाशयता, उदारताको बारेमा अरूलाई भन्नुहोस्। उहाँको करुणा, दयाको बारेमा चर्चा गर्नुहोस्, र उहाँको शक्तिको बारेमा भन्नुहोस्।"-एलेन जी ह्वाइट, आवर हाई कलिङ्ग, पृ. २०बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएकोले हामीमा बाइबल सम्बन्धि धेरै प्रगतिशील शिक्षादीक्षाहरू छन्। हामीले सिकेका कुराहरूलाई दिमागमा अझ बिकसित गर्न के गर्नुपर्छ?

आ. कसैले लेखेको थियो: "यो दुई कुरा याद गर्नु: ख्रीष्ट तपाईंको निम्ति मर्नुभयो, र एक दिन तपाईं पनि मर्नुहुनेछ।" हामीले गरेका कुकृत्यहरूको कुनै न कुनै दिन जवाफ दिनै पर्छ। त्यसकारण उपरोक्त अभिव्यक्तिबाट हामीले के सिक्नुपर्छ?

इ "परमेश्वर नहुन सक्छ। आज मर्छौं कि भोली मर्छौं। त्यसकारण एक दिनको जिन्दगीमा मोज मज्जा गर।" भन्ने सोचाइमा के समस्याहरू छन्? मानिसको दिमागमा परमेश्वरप्रति अवधारणाहरूलाई शैतानले किन बँग्याइ दिएका छन्? उपरोक्त सोचाइलाई परिमार्जित गरेर परमेश्वरप्रति आस्था जगाउने खालका के के अभिव्यक्तहरू तपाईंले सोच्न सक्नुहुन्छ?